म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५३ बुधबार १२ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 24 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेवारपानीबाट चरेशसहित एक जना पक्राउ

हेटौंडा, ११ वैशाख/हेटौंडा उपमहानगरपालिका-१९ नेवार पानीस्थित पूर्व-पश्चिम सडकखण्डबाट प्रहरीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले अवैध लागूऔषध चरेश करिब ६ किलो ९ सय ग्रामसहित धादिङ गजुरी गाउँपालिका-८ बस्ने ३३ वर्षीय चिनबहादुर डिमडुङ तामाङलाई पक्राउ गरेको हो । उनलाई इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले लागूऔषधसहित पक्राउ गरेको हो ।

प्रहरीका अनुसार, काठमाडौंबाट वीरगंजतर्फ जाँदै गरेको ना.७ ख २०१८ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार तामाङलाई यो परिमाणको चरेशसहित पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको छ ।

### ऐतिहासिक जनआन्दोलनको १८ वर्ष:

# मकवानपुरे सहित बागमतीका १० जना सहिद भए

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ २०६२ साल चैतमा सुरु भएको शान्तिपूर्ण आन्दोलन १९ दिनसम्म चलेर २०६३ वैशाख ११ मा लोकतन्त्र बहाली भएको थियो । जसकारण बैशाख ११ मा लोकतन्त्र दिवस मनाउन थालिएको थियो ।

जनता नै सर्वोपरि हुने मान्यताका साथ शासनप्रणालीमा प्रत्यक्ष वा परोक्षरुपमा सहभागिता रहने, स्वतन्त्रता, समानता, विधिको शासन, बालिगमताधिकार, आवधिक निर्वाचन, सुशासन आदि विविधपक्षहरु प्रतिबिम्बित भएको शासन प्रणालीलाई लोकतन्त्र मानिन्छ । मुलुकमा लोकतन्त्र आएता पनि यी सबै विषय पूर्ण लागू भए वा भएनन् त्यो छुट्टै बहसको विषय बन्न सक्छ । तर, लोकतन्त्र ल्याउनकै लागि ज्यान आहुति दिनेमा बागमतीका १० जना छन् । जसमध्ये एकजना मकवानपुरका बासुदेव घिमिरे पनि हुन् ।

नेपालमा जहानियाँ राणा शासन, निरंकुश पञ्चायती व्यवस्था, २०४६ सालको आन्दोलनपछि संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्र, माओवादी सशस्त्र जनयुद्धहुँदै तत्कालीन विद्रोही माओवादी र सात दलबीचको सहमतिपछि जनआन्दोलन सुरु भएको थियो । २०६२ चैत २४ गतेदेखि नेपालमा दोस्रो जनआन्दोलन सुरु भएको थियो । जनआन्दोलनका क्रममा बागमती प्रदेशअन्तर्गत १०



जनाले ज्यान गुमाउनु परेको थियो ।

'जनआन्दोलन र मानव अधिकार' नामक पुस्तकमा उल्लेख भएअनुसार ज्यान गुमाउनेहरुमा मकवानपुरका ३० वर्षीय बासुदेव घिमिरे छन् । उनको घर हालको मकवानपुरगढी गाउँपालिका हो । तत्कालीन आमभञ्ज्याङ गाविस-३ थर्पेडाँडाका बासुदेव घिमिरेको जनआन्दोलनका क्रममा काठमाडौंको कलंकीमा मृत्यु भएको थियो । २०६३ वैशाख ७ गते कलंकीमा सशस्त्र प्रहरीले चलाएको गोलीबाट उनको मृत्यु भएको थियो । ३० वर्षीय घिमिरे २०६२ चैत २४ गतेदेखि कलंकीको आन्दोलनमा अग्रपंक्तिमा थिए ।

२०३२ भदौ २५ गते आमभन्ज्याङ गाविस-६ पानीघाटमा जन्मिएका उनी कामको खोजीमा काठमाडौं छिरेका थिए । उनी राम्रो फुटबल खेलाडी पनि थिए । उनी कलंकीमा फर्निचर व्यवसाय सञ्चालन गर्दै आएका थिए । उनको मृत्यु हुँदा छोरा सानै थिए । उनको आमा करिब दुई वर्षअघि बितेकी छन् भने वृद्ध बुवा घरमै छन् ।

घिमिरेसँगै काभ्रेका ३६ वर्षका भीमसेन दाहाल, नवलपरासीकी ३० वर्षीय तुलसी डुम्राकोटी, काभ्रेका २० वर्षीय शिवहरि कुँवर, सोलुखुम्बुका २१ वर्षीय दीपक कामी, काभ्रेका १८ वर्षीय सगुन ताम्राकार, काठमाडौंका ३२ वर्षीय प्रद्युम्न खड्का, भारतका २८ वर्षीय मोहम्मद जहाँगिर खाँ, काभ्रेका ४२ वर्षीय अनिलकुमार लामा र नुवाकोटका ३६ वर्षीय चन्द्रबहादुर बयलकोटीको आन्दोलनमा मृत्यु भएको थियो ।

२४ चैत २०६२ मा हेटौंडा बजारमा राजनीतिक दलले विरोध प्रदर्शन सुरु गरेका थिए । त्यसअघि पनि बलजफ्ती बिरोधका कार्यक्रम भएको हो । तर, चैत २४ देखि नेपालका सबै निकाय ठप्प पारेर आन्दोलन संचालन गरिएको थियो । हेटौंडाको लोकतान्त्रिक चोकबाट निस्केको जुलुसलाई प्रहरीले हस्तक्षेप गरी आन्दोलनको अग्रपंक्तिमा रहेका ६४ जना नेता र कार्यकर्तालाई पक्राउ गरेको थियो ।

विरोध प्रदर्शनमा विद्यार्थी, शिक्षक, प्राध्यापक, इन्जिनियर, डाक्टर, मानवअधिकारकर्मी, पत्रकार र वकिल, किसान, ब्यापारीलगायत सामेल थिए । स्थानीय प्रशासनले २५ चैतमा हेटौंडाको विभिन्न भागमा निषेधाज्ञा जारी गरेको थियो । चैत २५ गते निषेधाज्ञा तोड्दै हेटौंडा बजारमा विरोध प्रदर्शन गरियो । सो क्रममा प्रहरीले हस्तक्षेप गरी २८ जनालाई पक्राउ गरेको थियो । प्रहरीको लाठी चार्जबाट १२ जना आन्दोलनकारी घाइते भएका थिए ।

चैत ३१ गते गाउँ-गाउँबाट आन्दोलनमा सहभागी हुन हेटौंडामा हजारौं मानिसहरु आएका थिए । यसै समयमा प्रशासनले लगातार १८ घण्टा कर्फ्यु आदेश जारी गरेको थियो । आन्दोलनलाई दबाउन प्रशासनले २०६३ वैशाख १ र २ गते कर्फ्यु लगाएको थियो । १९ दिने आन्दोलनका क्रममा मकवानपुरमा ३४९ जना पक्राउ परेका थिए भने २३ जना आन्दोलनकारी घाइते भएका थिए ।

## राक्सिराङमा दुई युवकमाथि कुटपिट

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ मकवानपुरको राक्सिराङ गाउँपालिका-२ कालिधापमा अपरिचित ब्यक्तिले स्थानीय दुई जनालाई कुटपिट गरेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार सोमबार अटोमा आएका २/३ जना व्यक्तिले पलासेबाट बरेटार घरतर्फ पैदल जाँदै गरेका २५ को सन्देश ब्लोन र वर्ष ३२ को जीवन ब्लोनलाई कुटपिट गरेका हुन् । कुटपिटबाट सन्देशको टाउको, नाक र मुखमा चोट अवस्था मध्यम रहेको छ भने जीवनको टाउको र शरीरको विभिन्न भागमा चोट अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

सामान्य उपचारपश्चात् थप उपचारको लागि दुबैजनालाई भरतपुर चितवनतर्फ पठाएको थियो । दुबैको चितवनस्थित मनकामना अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । कुटपिटमा संलग्न ब्यक्ति फरार रहेका छन् । उनीहरुलाई प्रहरीले खोजीकार्य गरिरहेको जनाएको छ ।


## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौंडा उपमहानगरपालिका, २ नं. वडा कार्यालयको सहयोगमा उद्यमशिलता वा व्यवसायिक नविनतम सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतिका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरणसमेत गर्ने उद्देश्यका साथ हेटौंडामा नै पहिलो पटक 'स्वरोजगार मेला (Self-Employment Expo)' को आयोजना हुन गइरहेको हुँदा हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनैपनि विषयमा न्युनतम +2 उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यवसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/Proposal) संस्थाले उपलब्ध गराएको ढाँचामा आगामी वैशाख २५ गतेभित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ठ ३ ओटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृतसमेत गरिने जानकारी गराइन्छ ।

**अवधारणा पत्र पेश गर्ने ठेगाना**

संघको कार्यालय: नलेज भिलेज, नवलपुर, हेटौंडा-११

फोन नं.: ०५७-५२३८०२, मोवाइल: ९८५१०६००८१

इमेल: manbpchtd@gmail.com


## बानियाँ बन्धु समाज अध्यक्षमा पुन: कपिल





साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ बानियाँ बन्धु समाज मकवानपुरको अध्यक्षमा पुन: कपिलबहादुर बानियाँ चयन भएका छन् । समाजको मंगलबार हेटौंडामा दियाली कूलपूजाको अबसरमा भएको अधिवेशनले कपिललाई पुन: अध्यक्षमा चयन गरेको हो ।

कपिल समाजको केन्द्रीय कोषाध्यक्ष पनि हुन् । यसैगरी, १३ सदस्यीय कार्यसमिति रहेको समाजको प्रथम उपाध्यक्षमा प्रकाश बानियाँ, द्वितीय उपाध्यक्षमा रामकृष्ण बानियाँ, कोषाध्यक्षमा बद्री बानियाँ, सचिवमा दीपक बानियाँ, सहसचिवमा विमलकुमार बानियाँ चयन भएका छन् ।

समाजको सदस्यमा लक्ष्मी बानियाँ, सुनिता बानियाँ, हरिशरण बानियाँ, लीलाकुमारी बानियाँ, रुपा बानियाँ, देवराज बानियाँ, पाण्डवराज बानियाँ चयन भएका छन् । भेलाले सुरेन्द्रराज बानियाँको संयोजकत्वमा पूजासमिति गठन गरेको छ । भेलामा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, समाजका सल्लाहकार रामबाबु बानियाँ, समाजसेवी दीपा बानियाँलगायतको उपस्थिति रहेको थियो ।

हेटौंडा-१८ हर्नामाडी स्थित दियाबातीमा मन्दिर निर्माणका लागि इन्द्रबहादुर बानियाँ र १८ नम्बर वडाअध्यक्ष अनिल बानियाँले सहयोग पुऱ्याएको भन्दै समाजले प्रशंसा गरेको छ । बन्धु समाजमा हालसम्म मकवानपुरका ७ सय घर परिवार आवद्धता रहेको अध्यक्ष कपिलले जानकारी दिए ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



Education is the real treasure

ADMISSIONS OPEN FOR 2081

From Nursery to Grade 9



Scholarships

a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !

Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np



## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# सत्ता लुछाचुँडीमा लिप्त दल

जनजीविकाको सवालमा चिन्तन गर्नु पर्ने दलहरु मन्त्रालय हत्याउने दाउपेचमै रुमल्लिएका छन् । बागमती प्रदेशमा मन्त्रालय बाँडफाँडको विषय थप पेचिलो बनिरहेको छ । सत्ता गठबन्धनभित्र मन्त्रालय हेरफेरको विषयमा हानथाप जारी छ । बागमतीमा १२ वटा मन्त्रालय १३ जना मन्त्री छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १९ चैतमा एकीकृत समाजवादीबाट रमा आलेमगरलाई विनाविभागीय मन्त्री नियुक्त गरेपछि गठबन्धन दलमा मन्त्रालय बाँडफाँडको विषयमा हानथाप भइरहेको हो । नेकपा एमालेले ठूलो दलको हैसियतमा पाँच वटा मन्त्रालय लिनुपर्ने तर्क प्रस्तुत गरेको छ भने एकीकृत समाजवादीले दुईवटा मन्त्रालयमा एउटा महत्वपूर्ण मन्त्रालय खोजिरहेको छ । मन्त्रालय हेरफेरमा मुख्यमन्त्री जम्कट्टेलको भूमिकालाई लिएर नेकपा एमाले र नेकपा एकीकृत समाजवादीभित्र चर्काचर्की रुपमा बहस हुने गरेको छ । माओवादीले लिइरहेको भौतिक पूर्वाधार विकास मन्त्रालय एकीकृत समाजवादीलाई दिने प्रतिबद्धता जनाएर २० चैतमा जम्कट्टेलले आलेमगरलाई विनाविभागीय मन्त्री नियुक्त गरे ।

जम्कट्टेलले मगरसँग एमाले संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया र एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनाललाई साक्षी राखेर भौतिक मन्त्रालय दिने वचन दिएका थिए । तर, हालसम्म पनि उनले वाचा पूरा नगरेको भन्दै मगर असन्तुष्ट बनेकी छन् । २० दिनसम्म मन्त्रालयको जिम्मेवारी नदिएको भन्दै असन्तुष्टि छरपष्ट हुँदैछ । एकीकृत समाजवादीले गठबन्धनमा शक्ति सन्तुलनका लागि भौतिक पूर्वाधार मन्त्रालय मागेको छ । एमालेले आर्थिक मामिला मन्त्रालय लियो । अब तेस्रो ठूलो मन्त्रालय एकीकृत समाजवादीले पाउनुपर्ने माग छ । मुख्यमन्त्री जम्कट्टेल र मगरबीच आइतबार मन्त्रालयको जिम्मेवारीको विषयलाई लिएर छलफल भएको छ । भेटमा जम्कट्टेलले खानेपानी मन्त्रालय लिन आग्रह गरेको मगरले बताइन् । तर, आफूले सहमतिअनुसार भौतिक मन्त्रालयमै अडान लिएको मगरको भनाई छ । जम्कट्टेलले सहमतिअनुसार भौतिक नदिएर एमालेले लिइरहेको खानेपानी मन्त्रालय दिन खोजेपछि एमाले पनि असन्तुष्ट बनेको छ । एमालेले एकीकृत समाजवादीलाई मन्त्रालय दिने विषय मुख्यमन्त्रीको निजी मामिलाको रुपमा टिप्पणी गरिरहेको छ । प्रदेशको मन्त्रालय भागबण्डा र न्यूनतम साझा कार्यक्रम निर्माणका सम्बन्धमा गठित कार्यदलले पनि मन्त्रालय हेरफेर को विषय टुंगो लाग्न सकेको छैन । कार्यदलको केही समयअघि काठमाडौंमा बसेको बैठकमा एमालेले मुख्यमन्त्रीले मन्त्रालय संख्या भन्दा माथि गएर मन्त्री नियुक्त गरेको विषयमा प्रश्न उठाएको थियो । मगरले सपथ लिएकै दिन अर्थात् २० चैतमा एमालेले दिउँसो थप चार मन्त्रीको सपथ गराएको थियो ।

एमालेले बाँकी चारवटै मन्त्रालयमा मन्त्री पठाएपछि एकीकृत समाजवादीकी आलेमगर हालसम्म विनाविभागीयमै सीमित छिन् । मन्त्रालय बाँडफाँडमा एमाले र एकीकृत समाजवादीबीच राजनीतिक तिक्तता देखिएको छ । जुन तिक्ततामा मुख्यमन्त्री जम्कट्टेलको भूमिकाले मलजल गरिरहेको नेताहरुको गुनासो छ । जम्कट्टेल माओवादीले लिएको मन्त्रालय त्याग्न तयार देखिएका छैनन् । मन्त्रालयको भागबण्डामा हानथाप गरिरहँदा चालु आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने काम अधुरै रहने निश्चित देखिएको छ । वर्षैभरि सत्ता होडबाजीमै अल्झिने हो भने भोलिका दिनमा पुन: मतदातासमक्ष कसरी प्रस्तुत हुने ? मतदातामाझ जानै नपर्ने भए जे गरेपनि होला तर, पुन: अर्को निर्वाचनमा कुन अनुहार लिएर जनतामा जाने ? समय छँदै बिबेक पुऱ्याउन सकिएन भने भोलिका दिनमा समस्या आने निश्चित छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १३ गते बिहीबार २५ अप्रिल २०२४ । प्रतिपदा, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:३२, सूर्यास्त ६:३४ । औलो दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | तुला | : मौकाको फाइदा लिन सकिनेछ |
| वृष | : प्रेमको बन्धन कसिन सक्नेछ | वृश्चिक | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| मिथुन | : चुनौतीहरु देखा पर्न सक्नेछ | धनु | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कर्कट | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मकर | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| सिंह | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | कुम्भ | : प्रयत्न सफल हुनेछ |
| कन्या | : यात्रामा खर्च बढ्नेछ | मीन | : पढाइलेखाइमा प्रगति हुनेछ |

# विद्यार्थी भर्ना अभियानको सार्थकता, भनाई र गराईमा सामन्जस्यता



✍ रमेश प्रसाद लामिछाने

वैशाख महिना विद्यालय शिक्षामा शैक्षिक सत्र प्रारम्भको महिना हो । बिगतमा लामो कालखण्ड सम्म पौष महिनाबाट शैक्षिक सत्र शुरु हुने गर्दथ्यो । कुनै बेला श्रावण महिनालाई विद्यालय तह शैक्षिक सत्रको आरम्भ महिना मान्ने भनेर थालनी पनि भएको हो । यसको पछाडि आर्थिक वर्ष र शैक्षिक वर्षको शुरु महिना एकै हुने तर्क गरिएको थियो । संगै, तत्कालिन उच्च माध्यमिक तहका कक्षाहरु समेत श्रावणबाट शुरु हुने भएकाले सो संग समेत यो सत्र प्रारभ्मको प्रसंग जोडिएको देखिन्छ । यस आलेख विद्यालय तहको शैक्षिक सत्र शुरु हुने महिनाको चर्चामा हैन, विद्यार्थी भर्ना अभियानसंग केन्द्रित गर्ने प्रयत्न गरिएको छ । प्राथमिक तहमा विद्यालय जाने उमेरका विद्यार्थीहरु करिब एक लाख चारहजार बालबालिका विद्यालय बाहिर छन् भनिएको छ । यी केटाकेटीहरु किन स्कूल जानबाट बञ्चित भए ? यो गम्भिर सबाल बनेको छ ।

यो कुनै नयाँ र अनौठो विषय शीर्षक हैन । यस्ता शिर्षकहरु बारम्बार चर्चामा आएको र सरकारी कार्यक्रममा दशकौं वर्षदेखि स्थान पाएको सन्दर्भ यहाँ भुल्न मिल्दैन । विद्यालय शिक्षा ब्यवस्थामा सान्दर्भिक रुपान्तरण क्रममा शैक्षिक सत्र, भर्ना अभियान, साक्षर नेपाल, स्तरीय शिक्षा, समयानुकूल पाठ्यक्रम, शैक्षिक जनशक्ति ब्यवस्थापन, विद्यार्थी मूल्याङ्कन जस्ता विषयले हाम्रो शिक्षामा चर्चा पाउँदै आईरहेका छन् । हाल,नयाँ वर्षको शुरुआतसंगै विद्यार्थी भर्ना शुरु हुने गर्दछ । सरकारले पनि आफ्नो शैक्षिक संयन्त्रलाई विद्यार्थी भर्ना अभियानमा लाग्नका लागि आह्वान गरेको छ । केन्द्रिय सरकार मात्र हैन, स्थानिय सरकारको थप क्रियाशिलता सहजै देख्न सकिन्छ । आम संचारमा विद्यार्थी भर्नाका विज्ञापन पर्याप्त भेटिन्छन् । सबै भन्दा बढि त विद्यालयहरुको विद्यार्थी भर्ना विज्ञापनमा टिभी, एफएम रेडियो, पत्रपत्रिका,फ्लेक्स ब्यानर, माईकिङ्ग, नारा जुलुस, घरदैलो, सभा, वैठक आदिको अधिक प्रयोग भएको देख्न सकिन्छ । विद्यार्थी भर्ना अभियानका क्रममा विद्यालयदेखि स्थानीय तह हुँदै शिक्षा मन्त्रालय सम्म ठूलै बजेट रकम खर्च भएको भनिएको छ ।

विद्यालय जाने उमेरका सबै केटाकेटीहरु विद्यालयमा भर्ना गराउनै पर्दछ । सरकारी कार्यक्रमले ५ देखि १० वर्ष उमेरका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने सोच प्रस्तुत गरेको वर्षौं भै सकेको छ । नेपालको वर्तमान संविधानमा आधारभूत तह अर्थात कक्षा ८ सम्मको शिक्षा अनिवार्य र नि:शुल्क गरिने स्पष्ट उल्लेख गरिएको छ । त्यस्तै, माध्यमिक तह अर्थात कक्षा ९ देखि १२ सम्म निशुल्क हुने समेत उल्लेख भएको छ । माध्यमिक तह सम्म तोकिएका पाठ्यपुस्तक सरकारले निशुल्क उपलब्ध गराउँदै आएको छ । कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु.१५का दरले खाजा पनि दिएको छ । यो रकममा थपेर अझ कक्षा पनि बढाएर १२ सम्मकै विद्यार्थीलाई खाजा उपलब्ध गराउने स्थानियतहहरु पनि हामीले भेटेका छौं । छात्राछात्रवृत्ति, दलित विद्यार्थी छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति लगायतका छात्रवृत्ति अनि कतिपयमा ड्रेस र शैक्षिक सामग्री वितरणमा वर्षेनी राम्रै बजेट खर्च भैरहेको देखिन्छ । यी सबै आकर्षणका बावजुद, सरकारी तथ्याङ्कले आधारभूत तह अन्तर्गत प्राथमिक स्तरका विद्यालय जाने उमेरका ६ प्रतिशत बालबालिकाहरु अझै विद्यालय बाहिर रहेका छन् भनिरहेको छ । बिगतका योजनामा यो उमेरका केटाकेटीहरु शत प्रतिशत विद्यालयमा भर्ना गराउने लक्ष्य राखेको करिब एक दशक वर्ष पुग्न लागेको छ । साक्षर नेपालको कार्यक्रम जस्तै विद्यार्थी भर्ना योजना पनि प्रचार अधिक तर कार्यान्वयन भने फितलो साबित भैरहेको छ । त्यस्तै माध्यमिक तहमा १५ प्रतिशत सो तह (उमेर समूहका विद्यार्थीहरु विद्यालय बाहिर रहेको शिक्षा तथा मानव श्रोत विकास केन्द्रले जनाएको छ । प्रयत्नहरु अधिक भएका छन् । वर्षै पिच्छे लगानि रकम पनि ठूलै भोल्युममा भएको चर्चा सुनिएको छ ।

कुनै पनि बालबालिका विद्यालय बाहिर रहनु हुँदैन भन्ने उद्देश्य राखि वि.सं.२०७५ सालमा तत्कालिन सरकारले विद्यार्थी भर्नाका लागि अभिभावकत्व ग्रहणको कार्यक्रम प्रस्तुत गरे पश्चात विपन्न तथा अभिभावक विहिन बालबालिकाको अभिभावकत्व लिदै फोटोसहित मिडियामा आउनका लागि मंत्रीहरु, पार्टीका नेताहरु, स्थानीय तथा प्रदेशस्तरका सरकार एवम् जनप्रतिनिधिहरु, उच्च पदस्थ कर्मचारीहरु र सबै ठूलाबडाहरु लगायतकाले प्रतिस्पर्धा गरेकै हुन् । अहिले ती विद्यार्थीहरुको अवस्था कस्तो छ, पढिरहेका छन् कि छैनन् भन्ने बारेमा अभिभावकत्व ग्रहण गर्नेहरु पुरै बेखबर भएका समाचार छरपष्ट भएका छन् । यी सबै हेर्दा सस्तो लोकप्रियताका लागि क्षणिक चर्चित बन्ने होडबाजीका लहड खहरेका बाढी जस्तै साबित भए । विद्यालयमा भर्ना भएका विद्यार्थी किन टिकाउन सकिएन ? ड्रप आउट दरका न्यूनीकरणमा भएका अभ्यास र लगानि किन अपेक्षित बन्न सकेनन् ? यी सबालहरु यसैमा अटाउन खोज्ने हो भने विश्लेषण फितलो र छिपछिपे मात्र हुन सक्छ । भर्ना र फी तिर्नु पर्दैन । किताब पनि फ्री मा दिईएको छ । अनि एकसेट ड्रेस, एक दर्जन कापी र डट्पेन दिंदै अभिभावकत्व ग्रहणको नाटक धेरै दिन टिकेन ।

पछिल्लो समयमा विद्यालय बाहिर रहेका भनिएका विद्यार्थी तथ्याङ्कमा नै शंका गर्नुपर्ने अवस्था छ । प्रत्येक घरघरमा स्कूल पुगेको छ । स्थानीय तहका प्रतिनिधिहरु र गैरसरकारी संस्थाहरु घर नबिराई दैलोदैलोमा पुगेका छन् । निजी स्कूलहरु सुबिधाका प्याकेज बोकेर हरेक विद्यार्थीलाई दैनिकै भेटिरहेका छन् । तै पनि लाखभन्दा बढि बालबालिका विद्यालय बाहिर हुनु रहस्य नै भन्नु पर्दछ । यस भित्रको रहस्य विश्लेषण गर्न जरुरी मात्र हैन बिलम्ब भै सकेको छ । हाल २ (दुई) वर्ष उमेर भएका बच्चाहरु खोजीखोजी मन्टेश्वरीमा भर्ना गरिएका छन् । गाउँगाउँमा निजीस्तरमा पूर्व प्राथमिक स्कूलहरु खोल्न स्थानिय तहले सहजै स्विकृति दिन सक्ने हुँदा यस प्रकारका न्यून लगानिका आकर्षक ब्यवसाय बनेका छन् । शहर बजारका हरेक चोक तथा टोलटोलमा यी प्रकृतिका मन्टेश्वरी तथा स्कूल फर किड्स देख्न सकिन्छ । वर्तमानका प्रत्येक सरकारी स्कूलमा पूर्व प्राथमिक तहका कक्षाहरु संचालन भएका छन् । यस्ले गर्दा आर्थिक कारणले ससाना नानीहरु स्कूल बाहिर रहनुपर्ने बाध्यता हटेको भन्न सकिन्छ ।

अन्तमा, स्कूल बाहिर विद्यार्थी रहनु भनेको दुई कारण हुन सक्छ । पहिलो, कुनै पनि कारणले स्कूल भर्ना नै नभएका र दोश्रो भनेको भर्ना भएका तर स्कूलमा टिक्न नसकेर एकाध वर्षमै बाहिरिएकाहरु पर्दछन् । भर्ना नै नभएकाको संख्या कम हुन सक्छ । भर्ना भएकाहरुलाई स्कूलमा टिकाउन नसक्नु हाम्रो शिक्षाको गम्भिर चुनौति भन्नै पर्दछ । भर्ना नभएका अर्थात आर्थिक विपन्नता वा पारिवारिक अन्य कारणबाट विद्यालय प्रवेशमा बन्चित हुन पुगेका र भर्ना भएर पनि पढाईलाई निरन्तरता प्रदान गर्न असमर्थ बालबालिकाको हकमा स्थानिय सरकार र सम्वन्धित शिक्षण संस्थाले सहयोग गरेर भर्ना गराउने र हरतरहले त्यस्तालाई विद्यालयमा टिकाउनै पर्दछ । यस्का लागि ठोस योजना बनाउनु जरुरी हुन्छ । प्रत्येक वर्ष नयाँ नारा मात्र विद्यार्थी भर्नाका लागि पर्याप्त हुँदैन । यस वर्ष पनि सरकारले बिगत झैं “सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तीको सुनिश्चितता ।” भन्ने आकर्षक नारा प्रस्तुत गरेको छ । हामी नाराको औपचारिकताका अतिरिक्त भनाई र गराईमा सामन्जस्यता अर्थात कार्यान्वयनमा विश्वास गर्दछौं ।

# आध्यात्मिक यात्रा र यसप्रतिका भ्रमहरु

✍ स्वामी ध्यान आधार

एकजना आध्यात्मिक व्यक्तित्वले कुनै टेलिभिजन कार्यक्रममा भने, ‘जसले व्यक्तिको तेस्रो आँखा खोल्न सक्दैन, त्यो वास्तविक गुरु होइन ।’ अध्यात्मको ज्ञान दिने उद्देश्यले आज हाम्रो समाजमा विभिन्न सै-संस्था, आश्रमहरू खोलिएका छन् र सञ्चालनमा छन् । ध्यान र ज्ञानका लागि अति उत्तम मानिने देश नेपालमा अहिले मानिसहरूको आकर्षण अध्यात्मतिर पनि देखिन्छ । व्यक्तिको तेस्रो आँखा खुल्ने वा खोल्ने भन्ने जुन भनाइ माथि आयो, यसले सरल अध्यात्मलाई एकदमै जटिल बनाइदिएको छ ।

अध्यात्म सरल जीवन जिउने एक कला हो । आजको समाजमा मानिसले जन्मेदेखि आफ्नो जीवनकालमा जति पनि चरित्र निर्वाह गर्छ, त्यसका लागि उसले विभिन्न नकाब धारण गरिरहेको हुन्छ । ती नकाबलाई नै मानिसले सत्य ठानिरहेको हुन्छ, वास्तवमा नकाबहरूबाट छोपिँदा उसले आफू को हुँ भन्ने पूर्ण रूपमा बिर्सन पुग्छ । यसरी आफूले धारण गरेको नकाबका कारण मानिसले आफ्नो सक्कल रूप जसरी मेटाएको छ, त्यसका पत्रपत्र केलाउँदै नकाबहरू उतार्दै गएर आफूलाई भेटाउनु नै सामान्य रूपमा अध्यात्म हो ।

यति सरल कुरालाई हामीले जटिल बनाइदिएका छौं । कसैले भगवान्को प्राप्ति, कसैले तेस्रो आँखा खोल्ने वा खुल्ने, कसैले के, के कसैले के भनिदिँदा आम मानिसमा भ्रमहरू सिर्जना भएका छन् । आज हामीले किन आम मानिसको जीवनमा आध्यात्मिकता ल्याउन सकेनौं ? जब कि अधिकांश मानिसले कुनै न कुनै रूपमा आध्यात्मिक जीवनमा आफूलाई ढाल्न चाहन्छ वा आफू आध्यात्मिक जीवन बाँच्न चाहन्छ तर जो आध्यात्मिक जीवनका लागि विभिन्न गुरु, आश्रम चहार्दै छन्ह उनीहरूले पनि सन्तुष्ट वा आध्यात्मिक जीवनले दिने आनन्द प्राप्त गर्न सकेका छैनन् । अर्को ठुलो जमात गुरु र आश्रमको खोजीमा समेत जान डराइरहेका छन् ।

विगत चार वर्षदेखि म आध्यामिक यात्रामा हिँडेको नवओशो संन्यासी हुँ । सन् २०२१ को जुलाईमा ओशो आश्रम तपोवनमा सात दिनको विपश्यना तथा ओशोका अन्य विभिन्न ध्यान विधि समेत प्रयोग गरी बोधिसत्व स्वामी आनन्द अरुणबाट दिक्षा लिई ओशो नवसंन्यासीका रूपमा जीवन बिताइरहेको छु । आफूले भोगेका, महसुस गरेका विभिन्न विषयवस्तुले मलाई लाग्यो– आध्यात्मिक जीवन वा ध्यान साधनाका लागि कतिपय मानिस एकदमै महत्वाकांक्षाका साथ भौंतारिरहेका छन् । कोही विभिन्न जटिलताका कारण त्यहाँ प्रवेश गरेका छैनन् तर अधिकांशमा आध्यात्मिक प्यास भने देखिन्छ ।

आध्यात्मिक प्यास बोकेका मानिसहरू पनि किन यो यात्रामा छैनन् भन्ने विषय नै आजको आध्यात्मिक चुनौती हो, समस्या हो । कतिपयले आध्यात्मिक यात्राका लागि त्यो आश्रम होइन यो आश्रम, त्यो गुरु होइन यो गुरु, त्यो ठाउँ होइन यो ठाउँ ठिक भनिरहेको देखिन्छ, सुनिन्छ । यसो भन्नेहरूले कतै आध्यात्मिक विषयमा व्यापार त गरिरहेका छैनन् ? होइन भने जुन गुरु, जुन आश्रम, जुन विधि प्रयोग गरे पनि यी सबैको उद्देश्य आध्यात्मिक जीवन अँगालेको मानिस निर्माण गर्नु हो । पूर्व, पश्चिम, उत्तर, दक्षिण जताबाट आउनुस् आध्यात्मिक जीवनमा आउनुस् भनेर हामी आध्यात्मिक अनुयायीले भन्न किन सकिरहेका छैनौं ?

कुनै पनि आध्यात्मिक गुरु वा अभियन्ताले मेरो आश्रमबाट मात्र समाधि प्राप्त गर्न सकिन्छ, मेरो आश्रममा मात्र व्यक्तिको तेस्रो आँखा खुल्छ वा तेस्रो आँखा खुल्नु मात्रै आध्यात्मिकता हो भन्छ भने त्यसमा कति सत्यता छ ? आज समाजमा आध्यात्मिक जीवन बाँचिरहेको छु भनेर दाबी गर्ने व्यक्तिको सामान्य व्यवहार परिवर्तन भएको छैन, उसमा प्रेम छैन, सबैलाई स्वीकार गर्न सक्ने स्वीकार भाव छैन, जीवन जिउने कलामा सरलता छैन, कर्ममा प्रेम र कुशलता छैन तर अध्यात्ममार्फत त्यही व्यक्ति समाधि खोजिरहेको छ ।

नपाकेको फललाई औषधी राखेर वा अन्य विधिबाट पकाउन सकिन्छ तर साधना पूरा नगरेका वा आफ्नो जीवन-व्यवहारलाई परिवर्तन नगरेका व्यक्तिलाई आध्यात्मिक यात्राको उच्चतम बिन्दु (तेस्रो आँखा खुल्ने अवस्था)मा पुऱ्याउन सकिँदैन । कसैले त्यो उच्चतम बिन्दुमा पुऱ्याइदिन्छु भन्छ भने आध्यात्मिक रूपमा न्यायङ्गसत हुँदैन ।

आध्यात्मिक यात्रामा रहेका तमाम सै-संस्था, आश्रम तथा गुरुहरूले यो प्रस्ट पारिदिनुपर्छ– आध्यात्मिक यात्राले मानिसलाई ईश्वर वा समाधि प्राप्त मात्र गराउँदैन । अध्यात्म जीवनमार्फत पहिले व्यक्तिले आफ्नो परिवारमा प्रेम, विश्वास, आदर र जिम्मेवारी वहन गर्न सक्नुपर्छह समाजमा सामाजिक दायित्व वहन गर्न सक्नुपर्छ । व्यक्तिलाई सामाजिक सद्भाव फैलाउन सक्ने बनाउनेह देश र समाजप्रति इमानदार र नैतिकवान् बनाउने आफ्नो पेसाप्रति इमानदार र जिम्मेवार बनाउने जस्तोसुकै भ्रष्टाचारबाट मुक्त तथा आनन्दित मानिस निर्माण गर्ने उद्देश्य आध्यात्मिक यात्राले राख्नुपर्छ ।

अझ सरल भाषामा भन्नुपर्दा कुनै व्यक्तिले कुनै पदको खोल ओढेको छ, ऊ त्यही खोल ओढेर घरमा आउँछ । छोराछोरीका लागि ऊ बाबु बन्न सकेको छैन । आफ्ना आमाबाबुको ऊ असल छोरो बन्न सकेको छैन । श्रीमतीका लागि ऊ असल श्रीमान् बन्न सकेको छैन । समग्रमा ऊ खोलमा यति बेरियो कि ऊ मान्छे नै रहेन । अब उसलाई आध्यात्मिक यात्रामार्फत पहिला मान्छे बनाउने कि छुमन्तर गरेर उसमा दिव्य दृष्टि प्रकट गराइदिने झुटो आश्वासन दिने ?

आज समाजमा आध्यात्मिक जीवन भनेर जतिले विभिन्न स्थानमा धाइरहेका छन्, तिनीहरूलाई रातारात आध्यात्मिक गुरु बन्ने, तेस्रो आँखा खुल्ने, समाधि प्राप्त गर्ने अनि वर दान दिँदै हिँड्ने शक्तिको उदयको उच्च महत्वाकांक्षाले भड्काइरहेको छ । अर्को थरीले अध्यात्ममा गएपछि यो भौतिक संसार, सुख-सुविधा, परिवार, बच्चाबच्ची, समाज सबैलाई छाड्नुपर्ने डर लिइरहेका हुन्छन् । यी दुवै थरीको भ्रमलाई नचिरेसम्म आध्यात्मिक यात्रामा हामीले सोचेजस्तो उपलब्धि हासिल गर्न वा सबैलाई आध्यात्मिक जीवनको यात्रामा हिँडाउन सक्दैनौं ।

यहाँ दुई भ्रमहरू जुन देखाइयो, त्यो पूर्ण रूपका भ्रम भने होइनन् । साधकले साधनाको यात्रा तय गरेदेखि आध्यात्मिक यात्राको उच्चतम बिन्दु प्राप्त गर्न सक्दै सक्दैन भन्ने होइन । सक्छ तर त्यो प्राप्ति मात्र आध्यात्मिक यात्रा होइन, उद्देश्य होइन र यो यात्रामा हिँड्ने सबैले त्यो प्राप्त गर्न सक्दैनन् । जसले प्राप्त गर्छन्, तिनको आफ्नो साधना वा विगतका जन्मको आध्यामिक यात्राका कारण प्राप्त गर्छन् । तर आफैं नपाकी वा पूर्ण समर्पण नभई अरुले उसलाई त्यहाँ पुऱ्याउन सक्दैन ।

अर्का थरी, जो आध्यात्मिक यात्रा सुरु गरेपछि यो सारा भौतिक संसारबाट अलग भइने चिन्ता लिइरहेका छन्, त्यस्तो जमातलाई यो बुझाउन जरुरी छ– ती सबै भौतिक सुविधाबाट तिमीलाई छुटाइँदैन तर अर्को योभन्दा राम्रो संसार पाएको अवस्थामा यो छुट्दैमा तिमीलाई र तिभर पछुतो हुँदैन । पछुतो हुने गरी केही पनि छुट्दैनन् ।

जस्तो : आज तिमीसँग मोटरसाइकल छ । त्यसप्रति मोह छ तर त्यसको ठाउँमा गाडी पाउँदा मोटरसाइकल सहजै छाड्ने मानिसको स्वभाव हुन्छ । ठिक त्यसरी नै तिमीले जबर्जस्ती भौतिक संसार त्याग्नुपर्दैन, त्यसको बदलामा जब तिमी अर्को अझ राम्रो वस्तु फेला पार्छौ, त्यो स्वाभाविक रूपमा आफैं छाडिन्छ । जब आध्यात्मिक यात्रा उपलब्धिमूलक बन्दै जान्छ, यो संसारमा समाउने वा त्याग्ने भन्ने केही रहँदैन । उसले न राग, न वैराग केवल वीतरागको जीवन जिउन सक्छ । नपाक्दै फल पकाइदिने आश्वासन दिने केही आध्यात्मिक अभियन्ताका कारण कोही त्याग गर्न डराएर आध्यात्मिक जीवनसँग जोडिन सकेनन् । कोही नत्यागे त यो यात्रा अधुरो भयो भनेर त्यागको खोल ओढ्न थाले । विभिन्न खोलमाथि फेरि अर्को आध्यात्मिक खोल ओढेपछि उनीहरूमा अझै बेचैनी बढ्न थाल्छ ।

ध्यान विधिहरू सिकेर, मोटिभेसनल कक्षाहरू लिएर कतिको जागिरमा पदोन्नति भएको वा व्यापार बढेको भन्नेहरू पनि भेटिन्छन् । आध्यात्मिक जीवनमा ध्यान-योगको प्रयोगबाट ती सबै प्राप्त हुन्छन् होला, मानिसको क्षमता बढ्छ होला, त्यसलाई प्रचारको रूपमा जसरी ल्याइन्छ, त्यसले प्रश्न उठाउँछ– के आध्यात्मिक यात्रा यही हो त ?

ध्यान-योगका कारण जुन व्यक्तिको आज पद बढेको छ, भोलि विविध कारण उसको अर्को पद नबढ्ला । त्यतिबेला उसले अध्यात्मलाई कसरी बुझ्ने ? यत्रो विराट एवं सरल अध्यात्म विज्ञानलाई एउटा जीवनको सामान्य सफलता असफलताको उदाहरणमा ल्याउँदा कस्तो असर पर्न सक्छ ? आध्यात्मिक अभियन्ताले यसप्रति हेक्का राख्नुपर्छ ।

आध्यात्मिक यात्रामा रहेका एक व्यक्तिसँग मलाई कसैले परिचय गराइदिएको थियो । उनको परिवार नै कुनै आध्यात्मिक ज्ञान दिने आश्रममा आबद्ध रहेछ । उनले सोधेपछि आफू ओशो तपोवन गएको मैले सुनाएँ । उनले फ्याट्ट भने- रमाइलो गर्ने भए त्यहाँ (ओशो तपोवनमा) ठिक छ, काम गर्ने भए हाम्रोमा आउनुस् ।

मैले भनैं, ‘आध्यात्मिक आश्रम, ध्यान र योगबाट रमाइलो नगर्ने पनि हुन्छ र ? अर्कोतिर आध्यात्मिक यात्राका दुई स्थानलाई यसरी तुलना गर्न मिल्छ ? तपाईंको पनि नराम्रो पक्कै होइन, ओशो तपोवन पनि नराम्रो तपाईंले भन्नु हुँदैन ।’ एकछिन चुप लागेर उनले भने- ‘सबैले भन्ने गरेको, त्यहाँ त सेक्स फ्री छ... ।’ मैले भनैं- यसरी हेर्न भएन ।

विद्यालयमा पढ्न गएका विद्यार्थीमध्ये केही जोडी पार्कतिर जालान्, विद्यालयलाई सेक्स फ्री भन्ने ? विद्यालयबाट भ्रमणको आयोजना भयो, कुनै शिक्षक-शिक्षिका वा छात्रछात्राको मन मिल्यो, विद्यालय भ्रमण त्यसका लागि उचित स्थान भन्ने ? सिनेमा हलमा सिनेमा हेर्दै गर्दा कुनै जोडी आलिङ्गनमा बेरिए, अब सिनेमा हललाई त्यसका लागि उचित स्थान भन्ने ? सार्वजनिक बसको अन्तिम सिटमा त्यस्ता क्रिया होलान्, त्यसलाई त्यसका लागि उचित स्थान भन्ने ? यसरी व्याख्या गर्नु कति उचित कति अनुचित भन्ने प्रश्न रहन्छ ।

ओशोले मानव जीवनमा दबिएर रहेको सेक्सको निकासका लागि व्याख्या गरे । ओशो आश्रम भएकाले त्यहाँ पनि सेक्सका विषयमा खुलेर कुरा हुन्छन् होला, त्यसलाई अन्यथा मान्ने कि नमान्ने ? ओशो आश्रममा भएका अनेकौं विषय छाडेर जुन सेक्सको मात्र हामीलाई ख्याल भयो, हाम्रो सोचलाई के भन्ने ? यति भनेको उनी उठेर हिँड्न थाले । मैले पनि सौहाद्रतापूर्वक मौका मिल्यो भने तपाईंको आश्रममा भेटौँला भनेर बिदा गरैं ।

हामीले वास्तवमै अध्यात्मलाई विस्तार गर्न चाहन्छौं, हरेक क्षेत्रमा आध्यात्मिक सोच भएका सरल मानिसको निर्माण गर्न चाहन्छौं भने राजनीतिक दलले जस्तो मेरो दल राम्रो उसको खराब नभनी, उच्च महत्वाकांक्षाको सिकार नबनाई एकदमै सरल तरिकाले अध्यात्मबारे बुझाउन आवश्यक छ ।

एकपटक गन्तव्यमा पुग्ने समय कटिसक्दा पनि प्लेन उडिरहेछ । यात्रुले पाइलट दलका सदस्यसँग सोधेछन्– हामी गन्तव्यमा पुग्ने समय त भयो, केही खराबी त छैन ? अनि पाइलट दलबाट जवाफ आयो– होइन सबै ठिक छ, आत्तिनुपर्दैन, हामी उडिरहेका छौं तर कम्पासले काम गरिरहेको छैन ।

*(साभार: रातोपाटी)*

# काठमाडौं र ललितपुरका शिक्षकले किन रोके उत्तरपुस्तिका परीक्षण ?



काठमाडौं/पारिश्रमिक कम भएको भन्दै शिक्षकहरुले काठमाडौं र ललितपुरको परीक्षण केन्द्रमा माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका परीक्षण रोकेका छन् ।

प्रमुख तीन दल निकटका शिक्षक संगठनले विज्ञप्ति नै निकालेर पारिश्रामिक नबढाएसम्म उत्तरपुस्तिका परीक्षण गर्न नसक्ने बताएका छन् । सरकारी अधिकारीहरु भने राजनीतिक दलमा आवद्ध भए कारबाही गर्ने निर्णय गरेपछि रुष्ट बनेका शिक्षकहरुले शिक्षामन्त्रीलाई च्यालेञ्ज गर्न खोजेको आशंका गर्छन् ।

परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का अनुसार गत चैतमा भएको एसईई परीक्षाको एसईईको उत्तरपुस्तिका परीक्षणमा सहभागी हुन चाहने शिक्षकका लागि आह्वान गर्छ । त्यही सूचनाका आधारमा सम्पर्कमा आएकाहरुबाट विषयगत शिक्षकहरु छनोट गरिन्छ । छनोट भएका शिक्षकहरुलाई एक दिने अभिमुखीकरण तालिम पनि दिइन्छ ।

आइतबार ललितपुर र सोमबार काठमाडौंका शिक्षकहरुको अभिमुखीकरण भयो । ललितपुरमा सोमबार र काठमाडौंमा मंगलबार बाट उत्तर पुस्तिका परीक्षण सुरु हुनुपर्ने थियो । परीक्षा नियन्त्रक नन्दलाल पौडेल आफैंले उत्तर पुस्तिका जाँचका लागि इच्छा गरेको र तालिम लिइसकेपछि पारिश्रामिकमा चित्त नबुझेको भनेर अवरोध गर्नु शंकास्पद भएको बताउँछन् ।

तर नेपाल राष्ट्रिय शिक्षक संगठनका उपाध्यक्ष प्रकाश घिमिरे, नेपाल शिक्षक संघका अध्यक्ष सुरेशप्रसाद घिमिरे, एकीकृत अखिल नेपाल शिक्षक संगठनका सचिव शैलेशबहादुर प्रधान र प्रगतिशील शिक्षक संगठनका अध्यक्ष गोविन्द चिलवालले विज्ञप्ति निकालेर पारि श्रामिक नबढाएसम्म उत्तरपुस्तिका परीक्षण गर्न नसक्ने बताए ।

कक्षा १२ को उत्तर पुस्तिका परीक्षणका लागि दिइने समान (प्रतिउत्तर पुस्तिका ३० रुपैयाँ) दिनुपर्ने उनीहरुको माग छ । तीन वटा शिक्षक संगठनले दुबै परीक्षा केन्द्रको मुख्य गेटमा ताला समेत लगाएका छन् ।

शिक्षा विकास समन्वय इकाइ, ललितपुरका प्रमुख निमप्रकाश राठौरका अनुसार मावि तहमा अध्यापनरत स्थायी शिक्षक परीक्षक हुन पाउने व्यवस्था छ । अघिल्लो वर्ष परीक्षणमा सहभागी भएका शिक्षकले 'रोष्टर' अनुसार स्वत: पाउँछ भने नयाँ शिक्षकले सम्बन्धित विषय शिक्षक भएको प्रधानाध्यापकको सिफारिस पत्र ल्याएपछि परीक्षक हुन पाउने व्यवस्था रहेको छ । संपरीक्षणमा भने वरिष्ठता र विज्ञताको आधारमा जिम्मेवारी दिइन्छ ।

हाल एसईईको उत्तर पुस्तिका परीक्षणको २४ र संपरीक्षणको ६ रुपैयाँ पारिश्रमिक तोकेको छ । कर कट्टा गर्दा एउटा उत्तरपुस्तिका परीक्षणको २० रुपैयाँ जति आउँछ । साथै एक जना शिक्षकले औसतमा ३०० विद्यार्थीको उत्तरपुस्तिका जाँच्न पाउने परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

केन्द्राध्यक्षको ८०० (कर काटेर ६८०), सहायक केन्द्राध्यक्षको ५०० (कर कटाएर ४२५) र निरीक्षकको ३५० (कर कटाएर २५७) रुपैयाँ दैनिक हुन आउँछ । परीक्षा नियन्त्रक नन्दलाल पौडेल आफैंले उत्तर पुस्तिका जाँचका लागि इच्छा गरेको र तालिम लिइसकेपछि पारिश्रामिकमा चित्त नबुझेको भनेर अवरोध गर्नु शंकास्पद भएको बताउँछन् ।

उनले भने, 'उहाँहरुले उत्तरपुस्तिका परीक्षणको पारिश्रामिक निहुँ भए पनि अरु केही हो कि भन्ने लागेको छ ।'

कार्यालयका एक कर्मचारी भने राजनीतिक दलमा आवद्ध शिक्षकहरुलाई कारवाही गर्ने निर्णयलाई असफल बनाउनको शिक्षक संगठनहरु लागेको बताउँछन् ।

'राजनीतिक दलका शिक्षक संगठनहरुले यसलाई अस्त्र बनाएका हुन्', उनी भन्छन्, 'आफ्नो शक्ति देखाएर मन्त्रीलाई च्यालेञ्ज दिएका हुन् ।'

शिक्षा, विज्ञान तथा प्रविधि शिक्षामन्त्री सुमना श्रेष्ठले ४ वैशाखमा शिक्षक राजनीतिक दलमा आवद्ध भएको पुष्टि भए कार वाही गर्ने मन्त्रीस्तरी निर्णय गरेकी थिइन् । त्यसअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहहरुलाई पत्राचार गरेको छ । यसप्रति प्रमुख दलआवद्ध शिक्षक संगठन रुष्ट छन् ।

तर नेपाल शिक्षक संघ ललितपुरका अध्यक्ष सुरेशप्रसाद घिमिरे भने राजनीतिक दलमा आवद्ध शिक्षकलाई कारबाही गर्ने निर्णयसँग अहिलेको मुद्दामा नजोडेको बताउँछन् । 'त्यसको विषयमा छुट्टै छलफल हुन्छ, महासंघले पनि पहल गर्ला', उनले संचारकर्मीसँग भने, 'त्यसलाई अहिले जोडेका छैनौं ।'

नेपाल राष्ट्रिय शिक्षक संगठनका काठमाडौं जिल्ला अध्यक्ष डिल्ली शर्माले पनि पारिश्रामिक वृद्धि भन्दाबाहेक कुनै आसयले आन्दोलन नगरेको जिकिर गरेका छन् । 'नेपाल राष्ट्रिय शिक्षक संगठनलाई कसैले राजनीतिक दलको भातृसंगठन भनेर बुझ्छ भने गलत बुझाइ हो', उनले अगाडि भने, 'हामीलाई न्यायोचित पारिश्रमिकको व्यवस्था भए भोलिदेखि नै परीक्षण सुरु गर्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# कुलेखानी-मातातीर्थ सडक वैशाख ३१ गतेसम्म बन्द

साझाकुरा संवाददाता



हेटौंडा, ११ वैशाख/ हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको कुलेखानी-मातातीर्थ सडकखण्ड वैशाखभर बन्द हुने भएको छ । स्तरोन्नतिका लागि हेटौंडा-कुलेखानी-महालक्ष्मी दोभान-घट्टेखोला-चखेल-मातातीर्थ सडक वैशाख मसान्तसम्मका लागि बन्द गरिने भएको हो ।

मकवानपुर र काठमाडौं दुवैतर्फ स्तरोन्नतिको काम भइर हेकाले सडक बन्द गरिएको हो । स्तरोन्नतिसहित कालोपत्रे गर्न वैशाख १० गतेबाट ३१ गतेसम्मका लागि कुलेखानी-महालक्ष्मी दोभान-घट्टेखोला-चरखेल-मातातीर्थ सडक बन्द रहने इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-५ को कार्यालयले जनाएको छ ।

महालक्ष्मी दोभान-घट्टेखोला-चखेल-माततीर्थ सडक अन्तर्गत मकैवारीदेखि माततीर्थसम्म सडकखण्डमा बेस बिछ्याउने र कालोपत्रे गर्ने काम भइरहेको इन्द्रसरोवर-५ का वडाध्यक्ष दुतराज तितुङ्ले बताए । यो सडकखण्डमा कालोपत्रेलगायत सडक स्तरोन्नतिको कार्य भइरहेकोले वैशाख ३१ गतेसम्मका लागि सडक बन्द गरिएको उनले बताए । उनका अनुसार काठमाडौंको चन्द्रागिरि नगरपालिका-८ को कार्यालयले पनि सडक बन्द गरेको छ ।

सतुंगल-मातातीर्थ-देउराली-कुलेखानी सडकअन्तर्गत पूर्वाधार विकास कार्यालय, ललितपुर मार्फत् निर्माण कार्य गर्न सडक बन्द गरिएको हो । यो सडकमा सवारीको चाप अत्यधिक भई निर्माण कार्य गर्न असहज भएको भन्दै पूर्वाधार विकास कार्यालयले पूर्णरुपमा बन्द गराई सहजीहरण गर्न आग्रह गरेको थियो । सोही अनुसार वैशाख ३० गतेसम्मका लागि बन्द गरिएको उनको भनाई छ ।

यसअघि निर्माणाधीन महालक्ष्मी दोभान-घट्टेखोला-चखेल मातातीर्थ सडक नयाँवर्षको अवसरमा खुला गरिएको थियो । इन्द्रसरोवरको मार्खु-कुलेखानी क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको भन्दै नयाँवर्षको अवसरमा पर्यटकलाई आवतजावतमा सहजताका लागि खुला गरिएको हो ।

# थाहामा दलित मुक्तिमोर्चाको प्रशिक्षण सम्पन्न

साझाकुरा संवाददाता



हेटौंडा, ११ वैशाख/ नेकपा माओवादी केन्द्र निकट नेपाल दलित मुक्तिमोर्चाको थाहानगरस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

मंगलबार थाहानगरको शंकर होटलमा भएको कार्यक्रममा नेपाल दलित मुक्तिमोर्चाको केन्द्रीय उपमहासचिव एवम् नेकपा माओवादी केन्द्र बागमती प्रदेश स्कुलिङ बिभागप्रमुख गणेश विश्वकर्मा, नेकपा माओवादी केन्द्र प्रदेश कमिटी सदस्य एवम् जिल्ला समन्वय समिति संयोजक भीम पाख्रिन, सचिव वीर बहादुर घलान ज्वाला, प्रदेश कमिटी सदस्य एवम् जिल्ला समन्वय समिति प्रमुख ललित घलान, जिल्ला समन्वय समिति सदस्य अरुण रायमाझी, नेकपा माओवादी केन्द्र थाहा नगर सचिव लक्ष्मण बिष्ट, नेपाल दलित मुक्तिमोर्चाको केन्द्रीय सदस्य कमला विश्वकर्मा, मकवानपुर जिल्ला अध्यक्ष जमिन दियालीलगायतले प्रशिक्षण दिएका थिए ।

नेपाल दलित मुक्तिमोर्चा थाहानगर कमिटी अध्यक्ष पहलमान परियारको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष आयुष विश्वकर्माले स्वागत गरेका थिए । प्रशिक्षण कार्यक्रममा थाहानगरका १२ वटै वडाबाट दलित मुक्तिमोर्चाका प्रतिनिधिको सहभागिता रहेको नेपाल दलित मुक्तिमोर्चा थाहानगर कमिटी सचिव सुरेन नेपालीले बताए ।

# गर्मीसँगै सक्रिय हुँदैछ कोभिड, कारण के हो ?

झण्डै एक वर्षअघि (५ मे २०२३) विश्व स्वास्थ्य संगठनले कोभिड-१९ को 'विश्वव्यापी स्वास्थ्य संकटकाल' समाप्त भएको घोषणा गरेको थियो । यो घोषणासँगै विश्वले सन्तोषको सास फेरेको छ । कोभिड-१९ को लहरभरि नेपाल लगायत विश्वले आर्थिक, सामाजिक तथा मानसिक समस्याको अप्रत्यासित र दु:खद् सामना गर्नु परेको थियो । यद्यपि कोभिड पूर्णरुपमा बिलिन भएको वा हराइसकेको भने थिएन ।

सन् २०२४ सालको सुरुवातसँगै नेपालमा कोभिड-१९ ओमिक्रोन भेरियन्टको नयाँ सब-भेरियन्ट 'जेएन १' पुष्टि भएको थियो । तर यसको घातकता भने पहिलेका कोभिड लहरहरुको तुलनामा शून्यप्राय: देखियो । केही अगाडिसम्म फ्लु र कोभिड सँगसँगै देखिएको थियो, जसलाई यो लेखकले 'फ्लुभिड' भनेको थियो । तर अहिले अचाक्ली बढेको गर्मीसँगै कोभिड एक्लो तर थप सक्रिय हुँदै गइरहेको देखिन्छ ।

पछिल्लो केही दिन-हप्तादेखि बिरामीको संख्यामा देखिएको उकालो ग्राफले यही संकेत गरेको देखिन्छ । कोभिडको निश्चित सक्रिय हुने (बढ्ने) मौसम वा महिना स्पष्ट छैन अर्थात् विगतको अनुभवको आधारमा कोरोनालाई 'मौसमी संक्रमण' भनिहाल्ने आधार देखिंदैन । तर ओमिक्रोनको नयाँ सब-भेरियन्ट 'जेएन १' पुष्टि भएको लगभग तीन महिनापछि हाल अचानक किन कडा देखिंदै गइरहेको छ भन्ने प्रश्न भने खडा भएको देखिन्छ ।

पछिल्लो समय नेपाल विश्वकै एक वायु प्रदूषित देश पुष्टि भएको थियो र अहिले पनि यथावत् छ । वायु प्रदूषणबाट विभिन्न दीर्घरोग भएकाहरुमा जटिलता देखिन सक्ने उच्च जोखिम हुने गर्छ । कोभिडको महामारीको अवधिमा वैज्ञानिकहरुले कोभिड-वायु प्रदूषणबीच सम्बन्धको बारेमा पनि धेरै अनुसन्धान गरेका थिए । अनुसन्धानका नतिजाहरुले पीएम २.५ र पीएम १० सूक्ष्म कणले गर्दा कोरोना संक्रमितहरु उल्लेखनीय संख्यामा अस्पताल भर्ना हुनुपर्ने अवस्था आएको थियो । अर्थात् वायु प्रदूषणले कोरोना संक्रमितहरुमा थप जटिलता निम्त्याउने सक्ने भनेको हो । नेपाल विश्वको अति वायू प्रदुषित देश बन्दै गर्दा कोभिडका बिरामीको संख्यामा पनि अचानक वृद्धि हुनुले वायु प्रदूषणको कारण भएको हुनसक्छ । यो संयोग मात्र नहुन सक्छ । तसर्थ नेपाल वायु प्रदूषणबाट अत्याधिक आक्रान्त भएसम्म सम्भवत: कोभिडबाट अस्पताल भर्ना हुनेको संख्यामा उल्लेखनीय कमी हुने सम्भावना पनि कम देखिन्छ ।

नेपालमा सन् २०२४ सँगै 'जेएन १' पुष्टि भएपनि झण्डै तीन महिनासम्म कोभिडका बिरामी खासै देखिएको थिएन । विगतको अनुभवले कोरोना भाइरसमा स्वरुप परिवर्तन अर्थात् जिनमा हुने परिवर्तनले लक्षणमा पनि कडा वा नरम हुने गरेको देखिएको थियो । तसर्थ हाल कोभिड बिरामी बढ्नुमा पनि 'जेएन १' को जिनमा परिवर्तन भएको छ कि भन्ने आशंका गर्न सकिने ठाउँ छ ।

ओमिक्रोन भेरियन्टकै अर्को सब-भेरियन्टले 'जेएन १' लाई प्रतिस्थापन नगरेको नहोला भन्न पनि सकिंदैन, तर यसको पुष्टि गर्न भने जिनोम सिक्वनसिङ्गको नतिजा नै कुर्नुपर्ने हुन्छ । पछिल्लो पटक विशेषगरी कोभिडका बिरामी बढेपछि जिनोम सिक्वनसिङ्ग जानकारी भने छैन । कोभिडका फरक-फरक लहर हरुमा फरक-फरक उमेर समूहका मानिसलाई प्रभावित पारेको देखिएको थियो । पहिलो लहरमा वृद्ध र दीर्घरोगीहरु बढी प्रभावित थिए भने दोस्रोमा युवा उमेरका धेरै थिए । तेस्रो अर्थात् ओमिक्रोन लहरमा फेरि वृद्ध र दीर्घरोगीहरु नै बढी प्रभावित भए ।

पछिल्लो पटक गरिएको जिनोम सिक्वनसिङ्गले ओमिक्रोनको सब-भेरियन्ट 'जेएन १' पुष्टि भएकाले हाल कोभिडका बिरामी बढ्नुमा यही कारण रहेको अनुमान गर्न सकिन्छ । पछिल्लो महिना भर्ना भएका कोभिडका बिरामीहरु अधिकांश ६५ वर्ष माथिका थिए भने यो महिना लाग्दै गर्दा औसतमा ६३ वर्ष माथिका बिरामी बढी देखिन्छन् । यसबाट हामीले अहिलेको कोभिडबाट ज्येष्ठ नागरिकहरु नै बढी जोखिममा रहेको प्रष्टै देखिन्छ । यद्यपि जुनसुकै उमेरका पनि बिरामी भने हुनसक्छन् ।

पछिल्लो समय बढ्दो गर्मीसँगै कोभिड जस्तै लक्षणबाट ग्रसित हुनेहरु समुदायमा प्रशस्तै देखिन्छन् । कोभिड बढ्नुमा यही कारण भन्ने पुष्ट नभएपनि वृद्ध तथा दीर्घरोग भएकाहरुलाई भने कोरोनाले बढी प्रभावित पारेको वा अस्पताल भर्ना गराउने अवस्था सिर्जना गरेको प्रष्टै देखिन्छ । त्यसैले ६० वर्षमाथिका र दीर्घरोगीमा कोभिडसँग मिल्दोजुल्दो लक्षण देखिए चिकित्सकसँग परामर्श लिनु उत्तम हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# विषादी असरबारे किसानलाई छैन ज्ञान, फोहोर जलाएरै नष्ट

काठमाडौं/मुलुकमा विषादी प्रयोग गर्ने किसान यसको असरबारे सचेत नभएको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले गरेको कृषि गणनाअन्तर्गत सामुदायिक प्रतिवेदनले यस्तो नतिजा देखाएको हो । नतिजाअनुसार ६ हजारभन्दा बढी वडामध्ये अधिकांशमा आंशिक सचेत भए पनि असरबारे जानकारी नभएको पाइएको हो ।

६ हजार ३६ वडामार्फत प्राप्त विवरणअनुसार ३ हजार ६ सय ५४ वडाका बासिन्दा मात्रै तरकारीमा प्रयोग हुने विषादीबारे आंशिक सचेत भएको पाइएको हो । बालीमा प्रयोग हुने बिषादीबारे सचेत बासिन्दा रहेको वडा संख्या १ हजार ७ सय ३६ छ । यो भनेको २८.८ प्रतिशत मात्रै हो । ६ सय ४६ वडा अर्थात् १०.७ प्रतिशत बासिन्दाले यस प्रकारको विषादी प्रयोगका सम्बन्धमा सचेत नै नरहेको बताएका छन् ।

प्रदेशगत रूपमा तुलना गर्दा सबैभन्दा बढी सचेत बासिन्दा रहेका वडा गण्डकीमा ३६.८ प्रतिशत र बागमतीमा ३६.४ प्रतिशत छन् । यसैगरी लुम्बिनीका ३०.८ र कर्णालीका ३०.७ प्रतिशत वडाका बासिन्दा तरकारी बालीमा प्रयोग गरिने बिषादीबारे सचेत रहेको गणनाले औंल्याएको छ । यसप्रकारको प्रतिशत कोशी, मधेश र सुदूरपश्चिमका सन्दर्भमा क्रमश: २७.४, २१.२ र २०७ रहेको उक्त नतिजाले देखाएको छ ।

**४२ प्रतिशत कृषि फोहोर जलाएरै नष्ट**

कृषि गणना गरिएका वडामध्ये सबैभन्दा धेरै २ हजार ५ सय ५९ वडाका बासिन्दाले कृषि कार्यबाट निस्केको फोहोर जलाएर नष्ट हुने बताएका छन् । जुन कुल गणना भएको मध्ये ४२.४ प्रतिशत हो । यस्तै कम्पोस्ट मल बनाएर कृषि फोहोर व्यवस्थापन गर्ने वडा संख्या १ हजार ४ सय १३ अर्थात् २३.४ प्रतिशत छ । १ हजार ६१ वडामा फोहोर गाडेर व्यवस्थापन गर्ने गरेको पाइएको छ ।

फोहोर व्यवस्थापक मार्फत नै कृषि कार्यबाट फोहोर व्यवस्थापन हुने वडा संख्या २ सय ६० छ । ३ सय ९ वडा अर्थात् ५.१ प्रतिशत वडामा फोहोर व्यवस्थापन अन्य तरिकाले गर्ने गरिएको कृषि गणना गर्दा देखिएको छ । यस्तै कृषिजन्य फोहोर व्यवस्थापन नगरी यत्तिकै छाडिदिनेको संख्या ४ सय ३४ वडा अर्थात् ७.२ प्रतिशत रहेको छ ।

**कृषि प्रणाली नै रासायनिक विषादीबाट हट्नुपर्छ**

नेपालका किसानले तरकारी खेतीमा गर्ने विषादीबारे नै सचेतना नभएको विषयमा राष्ट्रिय कृषक समूह महासंघ संस्थापक अध्यक्ष उद्धव अधिकारीले सरकारलाई दोष दिन्छन् । उनले किसानलाई व्यावसायिक खेतीका नाममा रासायिनक विष प्रयोग गर्न सरकारले नै प्रोत्साहन गरेको भन्दै चेतनास्तर निकै कम भएको बताए ।

'आफूले तरकारी उत्पादन गर्दा प्रयोग गर्ने विषादीले मानव स्वास्थ्य, प्रकृतिमा कस्तो असर पर्छ भन्ने किसानलाई कसैले भनेन,' उनले भने, 'उन्नत जातको बाली लगायो, किरा लाग्न थालेपछि एग्रोभेट गएर औषधि माग्दा एग्रोभेटले व्यापार जुनमा फस्टाउँछ त्यही दिन्छन् ।'

उनले नेपाली किसानमा विषादी प्रयोग र यसको मात्रासमेत थाहा नभएको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट



Ready To Eat
हाम्रा विशेषताहरू:
ग्याँस ओभनबाट उत्पादन गरिने ।
हानिकारक धुवाँको असर नहुने ।
१२ प्रकारका घरायसी मसलायुक्त ।
तत्काल खान मिल्ने ।
खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# बागमतीमा एकैदिन चार जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ बागमती प्रदेशको ३ जिल्लामा भएको छुट्टाछुट्टै घटनामा ४ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन, सिन्धुपाल्चोक र रामेछापमा भएको विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रदेश प्रहरीका अनुसार चितवनको भरतपुर महानगर पलिका-११, गोर्खालीटोलमा एकजना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ईच्छाकामना गाउँपालिका-३, धारापानीका ६० वर्षीय भोजबहादुर गुरुङ रहेका छन् । सोमबार दिउँसो गुरुङ घरपैँचो (पूजा) मा आएकोमा घरको भऱ्याङ चढ्ने क्रममा चक्कर लागेर विरामी भएका थिए । गुरुङलाई उपचारका लागि नयाँ मेडिकल कलेजमा लगिएकोमा सोमबार नै डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यसैगरी भरतपुर महानगरपालिका-३, बेलचोकमा मोटरसाइकलले ठक्कर दिँदा साइकल यात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा अन्दाजी ५५ वर्षीय पुरुषको सनाखत नभएको प्रहरीले जानकारी दिएको छ । सोमबार बाह्रघरेबाट बेलचोकतर्फ जाँदै गरेको ना ६५ प ६२०६ नम्बरको मोटरसाइकलले साइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक भरतपुर महानगरपालिका-९, बसन्तचोक बस्ने ४९ वर्षीय सन्तोष बुर्लाकोटी र मोटरसाइकलको पछाडी सवार मकवानपुरको मनहरी गाउँपालिका-३, का ३३ वर्षीय सुदर्शन अधिकारी र साइकलयात्री घाइते भएका थिए ।

घाइते तीनै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा साइकलयात्रीको मृत्यु भएको हो । यस्तै सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-७, दुवाचौर काफ्लेखोला जंगलमा एकजना पुरुष मृत फेला परेका छन् । प्रदेश प्रहरीका अनुसार स्थानीय ४७ वर्षीय विष्णुबहादुर अधिकारी मृत फेला परेका हुन् । अधिकारी बैशाख १ गतेदेखि बेपत्ता भएकोमा सोमबार बिहान घरबाट ७ सय मिटर पर मृतअवस्थामा फेला परेका थिए ।

रामेछापको उमाकुण्ड गाउँपालिका-२, रोशी राङदहमा एकजना पुरुष मृतफेला परेका छन् । मृत फेला पर्नेमा ६६ वर्षीय कृष्णबहादुर भुजेल रहेको प्रहरीले जानकारी दिएको छ । भुजेल आइतबार आफूखुशी घरबाट हिँडेकोमा सोमबार निर्माणाधीन दुगड हाईड्रोपावर लिखु-१ ड्यामको पानीमा मृतअवस्थामा फेला परेको प्रहरीले जनाएको छ । यसैगरी भरतपुर महानगरपालिका-२९ र देवघाट गाउँपालिका-५ जोड्ने दासढुंगा पुलबाट त्रिशुली नदीमा हामफाल्दा एक जना पुरुष बेपत्ता भएका छन् । उनीसँगै हामफालेकी एक महिलाको भने उद्दार गरिएको बागमती प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोमवार बिहान रा ५ प ९९४० नम्बरको मोटरसाइकलमा आएका उनीहरु एकसाथ नदीमा हामफालेका थिए । स्थानीयको सहयोगमा प्रहरीले महिलाको उद्दार गरेको हो । महिला दाङ शान्तिनगर-७ बस्ने ३० वर्षीया सीता चौधरी रहेको प्रहरीले जानकारी दिएको हो । उनको भरतपुर अस्पतालमा सामान्य उपचारपछि सोमवार नै डिस्चार्ज भएको छ । नदीमा हामफाली बेपत्ता भएका पुरुष दाङ तुलसीपुर-६ बस्ने ५१ वर्षीय खगेन्द्र डाँगी रहेको र उनको खोजी भइरहेको छ ।

# वन मन्त्रालयको त्रैमासिक प्रगति समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले तेश्रो त्रैमासिक प्रगति समीक्षा एवम् योजना तर्जुमा गोष्ठीको आयोजना गरेको छ ।




मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यतामा भएको समिक्षा कार्यक्रममा बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, वनमन्त्री केशवप्रसाद पोखेल, नीति तथा योजना आयोग उपाध्यक्ष प्रा.डा.नरविक्रम थापालगायतले आफ्नो धारणा राखेका थिए ।

बुधवारसम्म चल्ने समीक्षाको पहिलो सत्रमा वन तथा वातावरण मन्त्रालयका सचिव धिरेन्द्रकुमार प्रधान, वन तथा वातावरण मन्त्रालयको प्रगति डिभिजन वन कार्यालय धादिङका डिभिजन वनअधिकृत विष्णुप्रसाद आचार्यले एक सफल अभ्यास, डिभिजन वन कार्यालय मकवानपुरका डिभिजन वनअधिकृत राकेशप्रसाद चन्द्रवंशीले दिगो वन व्यवस्थापन, डिभिजन वन कार्यालय दोलखाका डिभिजन वनअधिकृत कृष्णराज न्यौपानेले बागमती प्रदेशको वन क्षेत्रबाट अर्थतन्त्रमा योग्दान बिषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

वन तथा वातावरणमन्त्री पोखरेलले मन्त्रालय मातहतका सरकारी कार्यालयमा स्वदेशी काठ प्रयोग गर्ने योजना ल्याउने बताए । उनले सरकारी कार्यालयमा प्रयोग गरेर बाँकी रहेको काठ उचित मूल्यमा जनतालाई सरकारी दररेटमा उपलब्ध गराउनुपर्नेमा जोडदिए । बागमती प्रदेशमा वातावरणमैत्री झोलाको प्रयोग र प्लास्टिकमुक्त बागमती प्रदेश घोषणा गरिने समेत बताएका छन् । नराम्रो काम गर्नेलाई दण्ड र राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्थापन पनि गर्नुपर्ने उनको भनाई थियो ।

# आँचल साहित्यले ९ जनालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ हेटौंडामा रहेको साहित्यिक सस्था आँचल साहित्य कलापुञ्जले ९ जना स्रष्टालाई पुरस्कृत र सम्मान गर्ने भएको छ ।

पुञ्जले २०८० सालमा प्रदान गर्ने सम्मान र पुरस्कारको जानकारी दिएको हो । पुञ्जले चैत १५ गते हेटौंडामा ९ जना स्रष्टालाई सम्मानित गरिने अध्यक्ष भावना सापकोटाले बताइन् । ८ वटा पुरस्कार र एउटा सम्मानबाट ९ जना सम्मानित हुने पुञ्जकी अध्यक्ष सापकोटाले जानकारी दिइन् । उनका अनुसार हरिवंश भेटवाल र विजुला भेटवालले स्थापना गरेको बालकुमारी जगन्नाथ भेटवाल स्मृति साहित्य सम्मान २०८० बाट रौतहटकी स्रष्टा रेणुका जीसी सम्मानित हुने भएकी छिन् । यो सम्मानको राशी १० हजार रुपैयाँ र सम्मानपत्र रहेको छ ।

यसैगरी प्रतिभा धिताल छन्द सम्मान, २०८० बाट नुवाकोटकी साहित्यिक स्रष्टा सुमित्रा सुमी सम्मानित हुने भएकी छिन् । यो सम्मानको राशी १० हजार रुपैयाँ रहेको छ । यस्तै ईश्वर लम्साल स्मृति पत्रकारिता सम्मान २०८० बाट मकवानपुरकी पत्रकार सरिता दाहाल सम्मानित हुने भएकी छिन् । यो सम्मानको राशी ७ हजार पाँच सय रुपैयाँ रहेको छ । दाहाल २ दशकदेखि मकवानपुरमा रहेर पत्रकारितामा क्रियाशील छिन् ।

टीकादत्त-मायादेवी-कुलकुमारी साहित्यिक सम्मान-२०८० बाट काठमाडौंकी स्रष्टा प्रभा बराल सम्मानित हुने भएकी छिन् । यो सम्मानको राशी ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । यस्तै अप्सरा तिम्सिना लम्साल स्मृति साहित्य सम्मान-२०८० बाट नेत्र एटम काठमाडौं सम्मानित हुनेछन् । अप्सरा स्मृति सम्मानको राशि १५ हजार एक रुपैयाँ रहेको छ । मंगलादेवी श्रेष्ठ बालप्रतिभा सम्मान-२०८० बालजागृति इङलिस बोर्डिङ स्कुलकी प्रसिद्धि लामिछाने सम्मानित हुने भएकी छिन् । मकवानपुरका स्रष्टा लामिछानेलाई ३ हजार ५ सय रुपैयाको यो सम्मान प्रदान गरिने छ ।

मुक्ति-तारा नवप्रतिभा सम्मान-२०८० बाट मकवानपुरकी स्रष्टा स्वस्तिका बाँनिया सम्मानित हुनेछिन् । ५ हजार रुपैयाँ राशीको यो सम्मानका स्थापना मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्यले गरेका हुन् ।

मकवानपुरका स्रष्टा दीपक गौतमलाई सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८० प्रदान गरिने छ । सम्मानको १० हजार रुपैयाँ राशी रहेको छ । यस्तै आञ्चल सम्मान २०८० बाट हरिवंश भेटवाल सम्मानित हुने भएका छन् ।

आँचल साहित्य कलापुञ्ज मकवानपुरमा रहेको महिलाको क्रियाशील संस्था हो । २०६९ सालमा स्थापना भएको संस्थाले मकवानपुरमा रहेर विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्दै आइरहेको छ । हरेक महिनाको तेस्रो शनिबार नियमित भेटघाटको कार्यक्रमअन्तर्गत् महिलामात्र जम्मा भएर साहित्यिक गतिविधि सञ्चालन गर्दै आइरहेको यस संस्थाले वर्षमा चारओटा वृहत कार्यक्रम गर्दै आइरहेको छ । यस संस्थाले हरेक वर्ष ९ जना श्रष्टालाई फरक-फरक सम्मान तथा पुरस्कार प्रदान गर्ने गरेको अध्यक्ष सापकोटाले जानकारी दिइन् ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१/०१/०४ मा जारी भएको नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- साहिली बोट (पत्नी)* *ज.ध. सोम बहादुर बोट (पति)*

यसमा जिल्ला मकवानपुर साविक मनहरि गाविस वडा नं. ६ को कि.नं.४२२ को क्षेत्रफल क्रमश: ज. वि. ०-०-५ जग्गाको जग्गाधनी सोम बहादुर बोटको मिति २०७०/०९/१२ मा मृत्यु भएको निज जग्गाधनीको नाम मोठ श्रेस्तामा सोम बहादुर बोट र निवेदकले पेश गरको कागज प्रमाणहरुमा सोमे बोट उल्लेख भएको जग्गाधनीको ठेगाना समेत श्रेस्ता उतारमा जिल्ला मकवानपुर गाविस ठिंगन र अन्य प्रमाणहरुमा साविक मनहरी गाविस वडा नं ६ तथा हाल मनहरी गाउँपालिका वडा नं.-७ देखिएको र श्रेस्तामा बावु, बाजे, ठेगाना तथा ना.प्र. नं. समेत उल्लेख नभएकोमा उल्लेखित जग्गाधनी सोम बहादुर बोट र सोमे बोट फरक-फरक व्यक्ति नभई एउटै व्यक्ति भएको र निजको हक खाने एक मात्र पत्नि म साहिली बोट भएकोले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराइ पाउँ भनि माग दावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा **जग्गाधनीको हकदारहरु अरु कोही भए वा फरक-फरक नाम तथा ठेगाना भएको व्यक्ति एकै नभएर फरक-फरक व्यक्तिहरु भएको भए वा जग्गाधनीको पालन पोषण तथा काजकृया अरुले नै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकहरुको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए** यो सूचना प्रकाशित/जारी भएको मितिले **३५ (पैंतीस)** दिन भित्र **मालपोत कार्यालय मकवानपुरमा** स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुर बाजुर लाग्ने छैन ।


# खाना पकाउने अयोग्य सिलिण्डर नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ चितवन जिल्लास्थित नेपाल ग्यास उद्योग (गण्डकी) ले खाना पकाउने ग्यासका अयोग्य सिलिण्डर नष्ट गरेको छ । उद्योगले ३१३ वटा अयोग्य सिलिण्डर नष्ट गर्न लागेको उद्योगका कार्यालयप्रमुख जीवन छत्कुलीले जानकारी दिए ।



पुरानो तथा प्रयोग गर्न नमिल्ने सिलिण्डरको 'हाइड्रोस्ट्याटिक टेष्ट' गरी उपभोक्ताको सुरक्षालाई ध्यान दिँदै प्रयोग गर्न नमिल्ने सिलिण्डर छनोट गरी नष्ट गर्ने कार्यलाई निरन्तरता दिइएको उनले बताए । सिलिण्डर नष्ट कार्यक्रममा खैरेनी नगरपालिका-९ का अध्यक्ष बन्धु चौधरीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा चितवन ग्यास विक्रेता अजय पाण्डे, पोखराका ग्यास विक्रेता नरेन्द्र पाठक, स्थानीय समाजसेवी रामचन्द्र पाठक, दिनेश सेडाई, सरोज वुर्लाकोटीको आतिथ्यता थियो ।

ग्यास भर्ने बेलामा सामान्य जाँच भइरहे पनि सिलिण्डर नयाँ १० वर्षमा र त्यसपछि हरेक ५ वर्षमा 'हाइड्रोलिक प्रेसर' जाँच गर्नुपर्ने हुन्छ । 'जाँच गर्दा बाङ्गो भएमा, लिक भएमा, मुनितिरको वा माथितिरको गोलो (रिंङ) बिग्रे भत्केमा, खिया धेरै लागेपछि वा तौल १० प्रतिशत घटेको भेटिएमा सिलिण्डर अयोग्य ठहरिन्छ,' उनले भने, 'माफ्दण्ड अनुसार पनि त्यस्ता सिलिण्डरमा ग्यास भर्न नमिल्ने भएकोले त्यसलाई नष्ट गनुपर्ने हुन्छ ।'

# बाइपासलाई पूर्णता दिलाउन उपप्रधानमन्त्री महासेठको ध्यानाकर्षण


साझाकुरा संवाददाता

हेटौंडा, ११ वैशाख/ बागमती प्रदेशका खानेपानी उर्जा तथा सिँचाइ मन्त्री एकालाल श्रेष्ठ र संघीय सरकारका उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठबीच भेटवार्ता भएको छ ।

सोमबार संघीय मन्त्री महासेठ र प्रदेशका खानेपानी मन्त्री श्रेष्ठबीच पुल्चोकस्थित मन्त्रीनिवासमा भेटवार्ता भएको हो । भेटका क्रममा मन्त्री श्रेष्ठले हेटौंडा बाइपास सडकको पूर्णताको लागि उपप्रधानमन्त्री महासेठको ध्यानाकर्षण गराए । उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री महासेठले आफ्नै कार्यकालमा हेटौंडा बाइपास सडकको सुरुवात भएको बताउँदै यसको पूर्णताको लागि सकारात्मक रहेको बताए ।

छिट्टै नै बाइपास सडक निरीक्षणको लागि हेटौंडा आउने चाहना रहेको सुनाउँदै उपप्रधानमन्त्री महासेठले बाइपास सडकलाई आगामी वर्षको बजेटमा समावेश गर्ने प्रतिवद्धता व्यक्त गरे । उपप्रधानमन्त्री महासेठ र मन्त्री श्रेष्ठबीच हेटौंडा रिङरोड, अन्य क्षेत्रमा पूर्वाधार निर्माण योजना र खानेपानी क्षेत्रका विभिन्न विषयमा छलफल भएको थियो ।


# हार्दिक आभार



कपिलबहादुर बानियाँ



**बानियाँ बन्धुहरुबीच आपसी भाइचारा विकास र समग्र क्षेत्रको अवसर र चुनौतीलाई सामाना गर्दै बन्धुत्व भावना उजागर गर्ने पवित्र उद्देश्य राखी स्थापित यस बानियाँ बन्धु समाज मकवानपुरको २०८१ बैशाख ११ गते कूलपूजासहित सम्पन्न साधारणसभाले हामीलाई सर्वसम्मत् कार्यसमिति चयन गर्न सहयोग गर्नुहुने सम्पूर्ण बन्धुहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।**

**कपिलबहादुर बानियाँ (अध्यक्ष) एवम्**

## बानियाँ बन्धु समाज मकवानपुर, परिवार


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना